*"बालबालिका विरुद्धको कुनै पनि प्रकारको दुर्व्यवहार, हिंसा, शोषण, हेला, भेदभाव कहिल्यै नगरौं हामि सबैले बालअधिकारको संरक्षण गरौं ।"*

# बालश्रम मुक्त वडा तथा नगर घोषणाकालागि कार्य संचालन कार्यविधि २०७६

तुलसीपुर उपमहानगरपालिका

२०७६

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

# बालश्रम मुक्त वडा तथा नगर घोषणाकालागि कार्य संचालन कार्यविधि २०७६

स्वीकृत मितिः २०७६।०५।२६

## प्रस्तावना :

नेपालको संविधान २०७२ को धारा ३९ को बालबालिकाको हक र बालबालिका सम्बन्धी ऐन २०७५ को कार्यान्वयन गर्नुका साथै नेपाल सरकारले तयार गरेको बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरुयोजना २०७५ देखि २०८५ र स्थानीय सरकार संचालन ऐन २०७४, तुलसीपुर उपमहानगर बालसंरक्षण नीति २०७५ को अनुसरण गरी शुखी नेपाली समृद्ध नेपालको नारालाई सार्थकता दिन विभिन्न कारणले श्रममा संलग्न वालवालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श ,सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुर्नस्थापना तथा पुर्नएकिकरणका कार्यक्रमहरु संचालन गरी बालबालिकाको संरक्षणको अधिकारलाई सुनिश्चित गर्दै श्रमिक वालवालिकाको व्यवस्थापन तथा श्रममा वालवालिकाहरु पुनः प्रयोग नहुने वातावरणको सृजना गर्न तुलसीपुर उपमहानगरपालिकाले बाल श्रम मुक्त क्षेत्रको समेत घोषण गर्ने उद्देश्यल राखि यो "श्रमिक वालवालिकाको व्यवस्थापन कार्यविधि, २०७६" जारी गरेको छ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम " बालश्रम मुक्त वडा तथा नगर घोषणाका लागि कार्य संचालन कार्यविधि २०७६" रहनेछ।

(ख) यो कार्यविधि तुलसीपुर उपमहानगरपालिका कार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "प्रदेश र स्थानीय तहको वालअधिकार समिति" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० बमोजिम गठित समिति सम्झनुपर्दछ । तर उक्त समिति गठन तथा परिचालन नहुदा सम्म नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा एक मूल समिति गठन गरी कार्य सञ्चालन गरीने छ।

(ख) "बालश्रम" भन्नाले यस्ता कामहरुलाई जनाउछ :

१. जुन बालबालिकालाई मानसिक, भौतिक, सामाजिक वा चारीत्रिक रुपमा जोखिमपूर्ण तथा हानि पुऱ्याउछ।

२.ज्याला मजदुरी वा अन्य सेवा शर्तराखी काममा लगाई रोजगारदाताले बालबालिकाको प्रयोग गरेको अवस्था हुन्छ।

३. उनिहरुको विद्यालयको शिक्षामा बाधा पुऱ्याउछ -

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

घनश्याम पाण्डे
प्रमुख

३.१ विद्यालयको अवसरबाट बञ्चित गरेर

३.२ उनिहरुलाई शिक्षा पूर्ण नगरि विद्यालय छोडन बाध्य बनाउछ वा

३.३ उनिहरुलाइ लामो अवधि र भारी काम गराउछ।

(ग) निकृष्ट प्रकारका बालश्रम भन्नाले

१. घरेलु बालश्रम।

२. बाल भरिया।

३. कारपेटमा काम गर्ने बालश्रमिक।

४. सडक बालबालिका - कवाड उठाउने।

५. बालबालिकाको ओसारपसार तथा बेचबिखन।

६. ढुंगा खानि तथा खानिमा काम गर्ने बालबालिका ।

७. बाल बांधा श्रमिकहरु ।

८. कलकारखाना , मोटर ग्यारेज र होटलमा काम गर्ने ।

९. भरिया रिक्सा वा ठेलाको काम गर्ने।

१०. ईटा भट्टामा काम गर्ने।

११. यातायात तथा सवारी साधनमा काम गर्ने।

१२. गिट्टी कुटने, ढुङ्गा ओसारनेमा काम गर्ने।

## परिच्छेद : २
## कार्यक्रम संचालन र उद्देश्य

**३. कार्यक्रमको उद्देश्य:**

(१) श्रमिक बालवालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नमिलन, पुर्नस्थापना तथा पुर्नएकीकरण गरी उनीहरुलाई जोखिम वाट मुक्त गर्नु।

(२) बालबालिका श्रममा आउने र जाने कारणको पहिचान गरी सो परिस्थितिको सम्वोधनद्वारा बालबालिकालाई श्रमीकको रुपमा आफैले प्रयोग गर्ने र बाहिर पठाउने क्रमलाई निरुत्साहन गर्नु।

(३) बालअधिकारको संरक्षण गर्दै एक असल समाजको निर्माण गर्ने।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७४

घनश्याम पाण्डे
प्रमुख

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

### ४. बालश्रम मुक्त वडा घोषणाका लागि सूचकहरु :

बाल अधिकारको संरक्षण,सम्बर्द्धन र प्रवर्द्धन गरी बालबालिकाको चौतर्फि विकासलाई बाधा पुर्‍याउने तत्वहरुलाई निरुत्साहित गर्दै लैजानका लागि यस तुलसीपुर उपमहानगरपालिका अन्तरगत रहेका वडाहरुले बाल श्रम मूक्त वडा घोषणाका लागि कम्तिमा निम्नानुसारका सूचकहरु पुरा गरेको हुनुपर्नेछ ।

४.१ वडास्तरीय सरोकारवालाहरुको पहिचान र समन्वय बैठक सञ्चालन भएको हुनुपर्नेछ ।

४.२ टोल विकास संस्थाहरु लगायतका सरोकारवालाहरु संग अन्तरक्रिया र प्रतिवद्धता संकलन भएको हुनपर्नेछ ।

४.३ बालश्रम सम्बन्धी वडाको घरधुरी सर्वेक्षण र श्रमिक बालबालिकाहरुको तथ्यांक संकलन, विश्लेषण तथा दस्तावेजिकरण । घरधुरी सर्वेक्षण र संस्थागत सर्वेक्षणका लागि अनुसूची १ र अनुसूची २ फाराम प्रयोग हुनेछन् ।

४.४ वडास्तरीय सरोकारवालाहरुको समन्वय बैठक सञ्चालन तथा प्राप्त तथ्यांकको विषयमा छलफल र विभिन्न समिति उप समिति र बाल क्लवहरु निर्माण तथा परिचालन भएको हुनु पर्नेछ ।

४.५ श्रमिक बालबालिकाहरुको अवस्थाका वारेमा स्थिति पत्र निर्माण , बाल सुरक्षा योजनाको तयारी र सो अनुसारको कार्य सम्पन्न भएको हुनुपर्नेछ ।

४.६ श्रमिक बालबालिकाहरुको उद्धार तथा पुनःस्थापना र सहयोगको ब्यबस्था भएको हुनु पर्नेछ ।

४.७ वडामा रहेका विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय वा सिकाई केन्द्रहरुमा अध्ययन वा सिप सिकाईका लागि आवद्ध भएको हुनु पर्नेछ ।

४.८ श्रमबाट बालबालिकाहरुलाई मुक्त गरे पश्चात बालबालिकाहरुलाई विद्यालयमा अध्ययनका लागि आवश्यक पर्ने शैक्षिक सहयोग एकपटकमा वढीमा रु.५,०००। (अक्षेरेपि रु पाँच हजार मात्र । ) र परिवारका लागि आयआर्जन सहयोगका लागि एकपटकमा वढीमा रु.१५,०००। (अक्षेरेपि रु पन्ध्र हजार मात्र । ) सहयोग गर्न सकिने र उक्त सहयोग आवश्यकतामा आधारीत भई वडा समितिले गर्न सक्नेछ ।

४.९ बाल श्रमि अन्त्यका लागि वडा वा उपमहानगरपालिकाले सरोकारवालाहरु विद्यालय,रोजगारदाता, परिवार,बालश्रम हुन सक्ने संभावित क्षेत्र, नागरिक समाज, स्थानिय गैर सरकारी संघसंस्थाहरुसंग समन्वय गरेको हुनुपर्ने

४.१० वडाका कुनैपनि बालबालिकाको जन्मदर्ता सम्बन्धी समस्या नभएको हुनुपर्ने ।

### ५. बालश्रम मुक्त वडा घोषणाका लागि वडा समितिले आवश्यकता अनुसार देहायको समिति तथा उप समिति गठन गरी कार्य गर्न सक्नेछ ।

**५.१ मूल समिति :**

नगर प्रमुखको संयोजकत्वमा सबै सरोकावालहरु सदस्य रहने गरी एक मूल समिति रहन सक्नेछ । वडागत रुपमा आवश्यकता अनुसारको सदस्यहरु रहन सक्नेछन् ।

घनश्याम पाण्डे
प्रमुख

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

**५.२ आर्थिक प्रशासन उप समिति :**

सरोकारवालको छलफलबाट वडा जनप्रतिनिधिको संयोजकत्वमा आवश्यक सख्याको एक आर्थिक एवं प्रशासन उप समिति गठन हुनेछ ।

**५.३ उद्धार तथा पुनः स्थापना उप समिति :**

वडा अध्यक्षको संयोज़कत्वमा ९ सदस्यीय एक उद्धार तथा पुनःर्स्थापना उप समिति गठन हुनेछ ।

५.३.१ वडा अध्यक्ष : संयोजक ।

५.३.२ ईलाका प्रशासन कार्यालय : सदस्य

५.३.३ ईलाका प्रहरी कार्यालय: सदस्य

५.३.४ तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रतिनिधि : सदस्य

५.३.५ तुलसीपुर उपमहानगरपालिका शिक्षायुवा तथा खेलकुद महाशाखा : सदस्य

५.३.६ पत्रकार महासंघ प्रतिनिधि : सदस्य

५.३.७ बाल संजाल प्रतिनिधि: सदस्य

५.३.८ तुलसीपुर उपमहानगरपालिका सामाजिक विकास महाशाखा : सदस्य

५.३.९ तुलसीपुर उपमहानगरपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखा : : सदस्य सचिव ।

**५.४ प्रचार प्रसार उप समिति :**

समग्र कार्यक्रमको प्रचार प्रसारका लागि पत्रकारमहासंघको संयोजकत्वमा आवशयक संख्या अनुसारको एक प्रचार प्रसार उप समिति गठन हुनेछ ।

**५.५ कार्य दल गठन :**

गठन भएका सबै उपसमितिहरुले हासील गरेका प्रगतिलाई दस्तावेजीकरण प्रतिवेदनका लागि निम्नानुसारका १३ सदस्यीय एक कार्यदल गठन हुनेछ ।

५.५.१ तुलसीपुर उपमहानगरपालिका उप प्रमुख : संयोजक

५.५.२ तुलसीपुर उपमहानगरपालिका सम्वन्धित वडा अध्यक्ष : सह संयोजक

५.५.३ तुलसीपुर ईलाका प्रहरी कार्यालय अधिकृत प्रतिनिधि : सदस्य

५.५.४ तुलसीपुर ईलाका प्रशासन कार्यालय अधिकृत प्रतिनिधि : सदस्य

५.५.५ तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा : सदस्य

५.५.६ तुलसीपुर उपमहानगरपालिका स्वास्थ्य महाशाखा : सदस्य

५.५.७ उच्च वार प्रतिनिधि : सदस्य

५.५.८ पत्रकार महासंघ : सदस्य

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

पाण्डे
प्रमुख

५.५.९ तुलसीपुर उपमहानगर कार्यपालिका सामाजिक विकास समिति संयोजक : सदस्य

५.५.१० वडास्तरीय बाल संजाल प्रतिनिधि : सदस्य

५.५.११ वडास्तरीय युवा संजाल प्रतिनिधि : सदस्य

५.५.१२ नवजागरण महिला तथा बाल संरक्षण केन्द्र प्रतिनिधि सदस्य

५.५.१३ महिला बालबालिका तथा सामाजिक विकास महाशाखा : सदस्य सचिव

**५.६ कार्यदलको काम कर्तब्य र अधिकार :**

५.६.१ घोषणा कार्यक्रमलाई ब्यवस्थित गर्न कार्ययोजना निर्माण गरि कार्यान्वयनमा जोड गर्ने ।

५.६.२ विभिन्न उपसमितिहरुले गरेको निर्णयलाई अनुमोदन गरि मूल समितिमा जानकारी गराउने ।

५.६.३ कार्यक्रम संचालनमा आई पर्ने समस्याहरुको समाधान गर्नृ आवश्यक सहयोग गर्ने ।

**६. मूल समिति र उपसमितिहरुको काम कर्तव्य र अधिकार** :मूलसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

६.१.१ अन्तरगतका उप समितिहरुलाई बाल उद्धार तथा पुनःर्स्थापना गर्नकालागि सघाउ पुऱ्याउने ।

६.१.२ अन्तरगतका उप समितिहरुले हासील गरेका प्रगतिहरुलाई प्रमाणित गर्ने ।

६.१.३ कार्य सम्पादनमा कुनै समस्या आएमा आवश्यक निर्देशन,समन्वय र सहयोग जुटाउने ।

६.१.४ समग्र कार्यको अपनत्व ग्रहण गर्ने ।

**६.२ उप समितिको काम कर्तव्य र अधिकार :**

६.२.१अन्तर्गत गठित भएका उपसमितिले आफ्नो बिषयगत सवालको पहिचान गर्ने ।

६.२.२ सवालहरुको संबोधन गर्न स्रोत, साधनको प्रयोग र ब्यबस्थापन गर्ने ।

६.२.३ बैठक बसी निर्णयगर्ने र निर्णयलाई कार्यान्वयनका लागि कार्यदलमा पठाउने ।

**७. घोषणा सभा एवं कार्य सम्पन्नता**

उद्देश्य अनुसार कार्य सम्पादन मुल्यांकनको आधारमा कार्य दलको सिफारिको आधारमा वा नगर कार्यपालिकाको निर्णयको आधारमा वडाले सरोकारवालाहरुको सहभागीतामा वडालाई बालश्रम मुक्त वडा घोषणा गर्न सक्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

## ८. दिगोपना :

वडालाई बालश्रम मूक्त घोषणा पश्चात परिवारमा पुनर्स्थापना भएका बालबालिकाहरुलाई एक वर्ष सम्म शिक्षामा सहयोग र गरिव परिवारलाई आयआर्जनमा सहयोग गरिनेछ । घोषणा भएको क्षेत्रमा नियमित अनुगमन गरिनेछ र वडा भित्र रहेका सबै टोल संस्थालाई कुनै पनि घर परिवार सदस्यहरुले बालश्रम प्रयोग आफैले गर्न र अरुलाई बालश्रम गर्न पठाउने कार्य रोक्न लगाइनेछ । यस्को प्रभावकारि कार्यान्वयनबाट कार्यकमको दिगोपना रहनेछ ।

## ९. वचाउ तथा खारेजी

यो बालश्रम मुक्त वडा तथा नगर घोषणाका लागि कार्य संचालन कार्यविधि २०७६ संघिय वा प्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

## १०. बालश्रममुक्त उपमहानगरपालिका घोषणा

यस उपमहानगरपालिकाका सबै वडाहरु बालश्रम मुक्त घोषणा भएमा उपमहानगरपालिकालाई बालश्रम मुक्त घोषणा गरीनेछ ।

घनश्याम पाण्डे
प्रमुख

कार्यपालिका निर्णय मिति : २०७६।०५।२६

अनुसूची-१

तुलसीपुर उप महानगरपालिका वडा नं.... ... ... मा टोल विकास संस्था/विद्यालय/संघसंस्थाको सहयोगमा संकलन गरीएको बालबालिका सम्बन्धी विवरण (यो विवरण बालश्रम भए नभएको जानकारी लिनका लागि प्रयोग गरीएको हो ।)

| क.सं. | घरमूलीको नाम | ठेगाना | जम्मा परिवार सदस्य | १८ वर्ष मुनीका परिवार सदस्य | | घरभन्दा बाहिर वस्ने बालबालिकाको विवरण | | | | घरमा बाहिरका बालबालिका वसेको छ भने | | | | | घर भाडामा छ भने उक्त भाडामा वस्नेहरुले बालश्रम प्रयोग गरे नगरेको विवरण लिने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | संख्या | बालबालिकाको नाम | वस्ने ठेगाना | वस्नको कारण (जस्तै : अध्ययन, बालश्रम,अभिभाबक संग वाहिर वसेको.. ..आदि) | बालबालिकाको नाम | स्थायी ठेगाना | उमेर | कहिले देखि वसेको हो | वस्नको कारण (जस्तै : अध्ययन, बालश्रम,अभिभाबकसंग वाहिर वसेको.. ..आदि) | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

विवरण तयार गर्नेको नाम :  दस्तखत :  मिति :

घनश्याम पाण्डे
प्रमुख

अनुसूची - २

तुलसीपुर उप महानगरपालिका वडा नं.... ... ... मा टोल विकास संस्था/विद्यालय/संघसंस्थाको सहयोगमा संकलन गरीएको बालबालिका सम्बन्धी विवरण (यो विवरण विगत ३ वर्षमा कति बाल विवाह भयो भन्ने जानकारी लिनका लागि लागि प्रयोग गरीएको हो।) अनुसूची २

| क्र.सं. | घरमूलीको नाम | ठेगाना | जम्मा परिवार सदस्य | २०७३ बैशाख देखि चैत्र सम्म भएको विहे संख्या | | | | २०७४ बैशाख देखि चैत्र सम्म भएको विहे संख्या | | | | २०७५ बैशाख देखि चैत्र सम्म भएको विहे संख्या | | | | यो ३ वर्षमा भएको विवाह मध्ये २० वर्ष मुनी भएको विवाहमा | | यो ३ वर्षमा भएको विवाह मध्ये २० वर्ष मुनी भएको विवाहमा | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २० वर्ष पुगेर भएको विवाह संख्या | | २० वर्ष मुनी भएको विवाह संख्या | | २० वर्ष पुगेर भएको विवाह संख्या | | २० वर्ष मुनी भएको विवाह संख्या | | २० वर्ष पुगेर भएको विवाह संख्या | | २० वर्ष मुनी भएको विवाह संख्या | | मागी विवाह | | भागी विवाह | | |
| | | | | महिला | पुरुष | बालिका | बालक | महिला | पुरुष | बालिका | बालक | महिला | पुरुष | बालिका | बालक | बालक | बालिका | बालक | बालिका | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख